निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

२३ पुस २०७२, काठमाडौं ।

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीसँग आज निर्वाचन आयोगका पदाधिकारीहरूले भेटघाट गरी स्थानीय निकाय निर्वाचनको आवश्यकता र तयारीका विभिन्न विषयमा छलफल गर्नुभएको छ ।

प्रधानमन्त्रीसँगको भेटका अवसरमा माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, माननीय निर्वाचन आयुक्त ईला शर्मा, आयोगका निमित्त सचिव मणिराम ओझा र सहसचिव वीरबहादुर राईको उपस्थिति थियो ।

त्यस अवसरमा माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. यादवले नयाँ संविधान अनुसार निर्वाचनसँग सम्वन्धित विभिन्न कानून र राजनीतिक दलहरूलाई व्यवस्थित गर्न एकीकृत कानूनको तर्जुमा भइरहेको र सो कानूनमा आयोगले समावेश गर्ने विषयहरूका बारेमा जानकारी गराउनु भएको थियो । साथै, संविधानले प्रदान गरेका विभिन्न समावेशी समूहको प्रतिनिधित्वको सुनिश्चितताका लागि आयोगले ऐनमा व्यवस्था गर्न प्रस्ताव गरेका विषयका बारेमा पनि जानकारी गराउनु भएको थियो । स्थानीय निकाय निर्वाचनको आन्तरिक तयारी आयोगले गरिरहेको हुँदा त्यसका लागि आवश्यक पर्ने स्थानीय निकाय ( निर्वाचन कार्यविधि) ऐनको संशोधित मसौदा सरकार समक्ष पेश भइसकेकोले यथाशक्य छिटो पारित गरिदिन र निर्वाचनको मिति छिटो घोषणा गर्न पनि अनुरोध गर्नु भयो । यसैगरी आयोगले निर्वाचन प्रयोजनका लागि सञ्चालन गरिरहेको मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम, मतदाता शिक्षा, मतदाताको पहिचानका लागि मतदाता परिचयपत्र, मतदानकेन्द्रको स्तरोन्नति, दलहरूको आय-व्ययको पारदर्शिता र एकरूपताका लागि दलहरूका लेखासँग सम्वन्धित व्यक्तिहरूलाई आयोगले हालैका दिनहरूमा प्रदान गरिरहेको प्रशिक्षण कार्यक्रम, आयोगले सबै किसिमका निर्वाचनमा लागू हुने गरी तयार गरेको निर्वाचन आचारसंहिता र त्यसको अनुगमनको विषयका अतिरिक्त नेपालमा सम्पन्न पाँचौं **FEMBoSA** ले पारित गरेको विषयहरूका बारेमा पनि जानकारी गराउनु भएको थियो ।

सोही अवसरमा माननीय निर्वाचन आयुक्त श्री इला शर्माले संविधान संशोधनका क्रममा रहेको सन्दर्भमा आयोगलाई निर्वाचन मिति तोक्ने अधिकार र आयोगको आर्थिक स्वायत्तता सम्बन्धी विषय गम्भीर रहेकोले त्यसतर्फ आवश्यक सुधार हुनुपर्ने विषयमा जोड दिनु भयो । निर्वाचन मितिको निश्चितता भए मात्र

प.सं. च.नं./Ref:

निर्वाचनको पूर्व तयारी राम्रोसँग हुन सक्ने र निर्वाचनको गुणात्मक पक्ष बलियो हुने कुरा बताउनु भएको थियो ।

आयोग पदाधिकारीहरूसँगको छलफलमा सम्माननीय प्रधानमन्त्री श्री के. पी. शर्मा ओलीले स्थानीय निकायको निर्वाचन छिटो सम्पन्न गर्न सके भूकम्पबाट भएको क्षतिको पुननिर्माण तथा विकास निर्माणसँग सम्बन्धित अन्य कार्यहरूमा समेत सघाउ पुग्ने कुरा बताउँदै निर्वाचनलाई अझै स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउन निर्वाचनमा मतदाता परिचयपत्रको अनिवार्यतातर्फ आयोगको ध्यानाकर्षण गराउनु भएको थियो । यसैगरी निर्वाचनका लागि आवश्यक कानूनहरूमा गरिनुपर्ने संशोधन लगायतका प्रक्रिया छिटो सम्पन्न गरिने कुरातर्फ आयोगलाई आश्वस्त गराउँदै स्थानीय निकाय निर्वाचनको आन्तरिक तयारीमा अघि बढ्न प्रधानमन्त्रीले आयोगलाई सुझाव दिनुभएको थियो ।

मिति : २०७२ पुस २३

वासुदेव गुरागाईं
सहसचिव एवं प्रवक्ता
निर्वाचन आयोग ।